# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

यु.एन.आई शान्तिमार्ग,काठमाण्डौ

## शेयर सूचीकरण गरिएको बारे

## <u>मन्तव्य</u>

पुँजी बजारको मुख्य उद्देश्य अनुरुप छरिएर रहेका स-साना वचतलाई एकत्रित गरी पुँजी प्रवाहद्वारा उद्योग धन्दा तथा विकास निर्माणको लागि लगानी गरी देश विकासमा सहयोग पुऱ्याउनु हो । यसै क्रममा रसुवागढी हाइड्रोपावर कं. लि. र सान्जेन जलविद्युत कं. लि. का शेयरहरु पुँजी बजारको दोस्रो बजारमा सूचीकृत भए पश्चात यसले दोस्रो बजारमा तरलता उपलब्ध गराई लगानीकर्ताको मनोवल वृद्धि गर्न सहयोग पुऱ्याउने आशा गरिएको छ ।

"नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युतको शेयरधनी" भन्ने नारा सहित नेपाल सरकारले जनताको जलविद्युत आयोजना कार्यक्रम अगाडी बढाएको परिप्रेक्ष्यमा यी कम्पनीहरुको शेयर सूचीकृत पश्चात सरकारको उल्लेखित नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा यस नेपाल स्टक एक्सचेन्ज लि. ले राखेको छ । साथसाथै यी जलविद्युत आयोजनाको सफल कार्यान्वयन पश्चात नेपालमा जलविद्युत उत्पादनमा वृद्धि भई नेपाल स्वच्छ उर्जामा आत्मनिर्भर हुनुको साथै उर्जा सम्बन्धि स्रोतहरुको आयातलाई कम गरी देश समुन्नत बन्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

आज मिति २०७६।०४।२० का दिन रसुवागढी हाइड्रोपावर कं.लि.,सान्जेन जलविधुत कम्पनी लि.र नेपाल स्टक एक्सचेन्ज लि. बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको सान्जेन जलविधुत कम्पनी लि.को ३,२८,५०,००० कित्ता शेयर र रसुवागढी हाइड्रोपावर कं.लि.को ६,१५,७८,९०० कित्ता शेयर सूचीकरण सम्झौता भएको सहर्ष जानकारी गराँउदछु ।

**<u>रसुवागढी हाइड्रोपावर कं.लि.</u>**

नेप्सेमा निवेदन दिएको मितिः २०७६/०४/१५

सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता भएको मितिः २०७६/०४/१४

**धितोपत्र निष्काशन तथा बिकि प्रवन्धकः** सिद्धार्थ क्यापिटल लिमिटेड ।

**सह- धितोपत्र निष्काशन तथा बिकि प्रवन्धकः** एनआइबिएल एस क्यापिटल लि.,ग्लोबल आइएमई क्यापिटल लि.र सन्राइज क्यापिटल लि.।

**सर्वसाधारणः** १,०२,६३,१५० कित्ता

**कम्पनीका संस्थापकहरुः** ३,४८,९४,७१० कित्ता

**कर्मचारी संञ्चयकोषमा रकम संचित गर्ने सञ्चयकर्ता कर्मचारी,ऋणदाता संस्थाका कर्मचारी र संस्थापक संगाठित संस्थाका कर्मचारीहरु समेत गरी जम्मा** १,६४,२१,०४० कित्ता शेयर

**कारोवारहुने सिमाः** ९७.२९ देखि २९१.८७

सूचीकरण पश्चात् दिनु पर्ने सम्बन्धी सेवा सिद्धार्थ क्यापिटल लिमिटेड,काठमाण्डौ ।

**कारोवार शुरु हुने मितिः**२०७६/०४/२१

Company to be added for trading from 2076/04/21

Company : RASUWAGADHI HYDROPOWER COMPANY LIMITED

Address : KATHMANDU

Capital:6157890000

Code: RHPL

ISIN :Public: NPE342A00003

Price range: 97.29 TO 291.87

Number of shares : 61578900

Promotor Ratio :51 %

Public Ratio : 49 %

Registration fee: 15000 (Date 2076.04.15)

Bank : GLOBALIME BANK LTD.

Annual fee:100000

Bank : GLOBALIME BANK LTD.

Listing fee : 29,78,945

Bank: GLOBALIME BANK LTD.

Cost of per megawatt:15,12,12,241

**<u>सान्जेन जलविधुत कम्पनी लि.</u>**

नेप्सेमा निवेदन दिएको मितिः २०७६/०४/१५

सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता भएको मितिः २०७६/०४/१५

**धितोपत्र निष्काशन तथा बिकि प्रवन्धकः** नागरीक लगानी कोष ।

**सह- धितोपत्र निष्काशन तथा बिकि प्रवन्धकः** सन्राइज क्यापिटल लि., एनएमबि क्यापिटल लि., सिभिल क्यपिटल लि.,प्रभु क्यापिटल लि.र ग्लोबल आइएमई क्यापिटल लि.।

**सर्वसाधारणमा वितरणः** ५४,७५,००० कित्ता शेयर।

**कम्पनीलाई ऋण प्रदान गर्ने संस्थाका कर्मचारीहरु** :३,६५,००० कित्ता शेयर।

**संस्थापक शेयरधनी संस्थाका कर्मचारी**:१२,७७,५०० कित्ता शेयर।

**कर्मचारी संञ्चयकोषमा रकम संचित गर्ने सञ्चयकर्ता कर्मचारी** : ७१,१७,५०० कित्ता शेयर।

**कारोवारहुने सिमाः** ९६.३२ देखि २८८.९६

सूचीकरण पश्चात् दिनु पर्ने सम्बन्धी सेवा सन्राइज क्यापिटल लिमिटेड,काठमाण्डौ ।

**कारोवार शुरु हुने मितिः**२०७६/०४/२१

Company to be added for trading from 2076/04/21

Company : SANJEN JALAVIDHYUT COMPANY LIMITED

Address : KATHMANDU

Capital:3,28,50,00,000

Code: SJCL

ISIN :Public: NPE343A00001

Price range: 96.32 TO 288.96

Number of shares : 3,28,50,000

Promotor Ratio :51 %

Public Ratio : 49 %

Registration fee: 15000   (Date 2076.04.15)

Bank : GLOBALIME BANK LTD.

Annual fee:100000

Bank : GLOBALIME BANK LTD.

Listing fee : 1531137

Bank: GLOBALIME BANK LTD.

Cost of per megawatt:15,00,00,000

शेयर सूचीकरण सम्झौता पत्रमा यस स्टक एक्सचेन्जको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदले र रसुवागढी हाइड्रोपावर कं.लि.को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री विश्व मल्ल साथै सान्जेन जलविधुत कम्पनी लि.को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले हस्ताक्षर गरेको जानकारी गर्दै अन्त्यमा यस नेपाल स्टक एक्सचेन्ज लि. स्वदेशमा छरिएर रहेका स-साना पुँजीलाई एकीकृत गरी देशको आर्थिक विकासको निम्ति पुँजी परिचालन गर्नको लागि सदैव क्रियाशिल र तत्पर रहेको प्रतिवद्धता व्यक्त गर्दछौं ।

चन्द्र सिंह साउद

प्रमुख कार्यकारी अधिकृत

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

मिति : २०७६।०४।२०